श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

अन्तःशुल्क ऐन, २०१५ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले वाग्मती अञ्चल, काठमाडौं जिल्ला, छाउनी टंकेश्वर गा. पं. वडा नं. ४ स्थित गणेश होजीयरी इण्डष्ट्रिजले नाइलन वा कृत्रिम रेशा प्रयोग गरी उत्पादन गरेको होजीयरी सामानहरूमा उत्पादन गरेको मिति ०३३।३।९ देखि प्रथम वर्षको लागि लाग्ने अन्तःशुल्क शत प्रतिशत रिहाई दिएको ।

आज्ञाले–
शमशेरध्वज हमाल
श्री ५ को सरकारको का. मु. उप–सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

अन्तःशुल्क ऐन, २०१५ को दफा १८ ले दिएको अधिकार प्रयोग श्री ५ को सरकारले वाग्मती अञ्चल, काठमाडौं जिल्ला का. न. पं. वडा नं. १५ स्थित नेपाली होजीयरीले गोल्छा उलनबाट तयार गरेको धागोबाट उत्पादन गरेको होजीयरी सामानहरूमा उत्पादन गरेको मिति ०३३।७।१६ देखि प्रथम वर्षको लागि लाग्ने अन्तः शुल्क शत प्रतिशत रिहाई दिएको छ ।

आज्ञाले–
शमशेरध्वज हमाल
श्री ५ को सरकारको का. मु. उप–सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

अन्तःशुल्क ऐन, २०१५ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले वाग्मती अञ्चल, नुवाकोट जिल्ला, बगुवा बजारस्थित विश्वज्योती राईस–मिलले उत्पादन गरेको चामलमा उत्पादन गरेको मिति ०३३।५।१ देखि प्रथम वर्षको लागि लाग्ने अन्तःशुल्क शत प्रतिशत रिहाई दिएको छ ।

आज्ञाले–
शमशेरध्वज हमाल
श्री ५ को सरकारको का. मु. उप–सचिव

७०२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।